## हालको अवस्था:

विगत केहि दिन यता नेपालको पुर्वी क्षेत्र झापा, मोरङ, सुनसरी, सप्तरी जिल्लामा गाईलाई भाइरसको नयाँ संक्रमण देखिएको कुरा विभिन्न सञ्चार माध्यमहरुमा आइरहेको छ । गाईको शरीरमा घाउ, बिबिरा, ज्वरो आई बेहोस हुने लक्षण गाईमा भेटिएको छ । लम्पी स्कीन डिजिजबाट संक्रमित गाईबाट अर्को गाईमा तिव्र रुपमा फैलिने गरेको पाइएको छ ।

बागमती प्रदेशका चितवन र मकवानपुर जिल्लाका केहि स्थानहरुमा लम्पी स्कीन डिजिजको जस्तो लक्षण गाईमा फेला परेको र चितवन जिल्लाको नमुनाहरुको ल्याब परिक्षण गर्दा २०७७ श्रावण १२ गते लम्पी स्किन डिजिज् प्रमाणित भएको अवस्थामा कृषकहरु तथा पशु प्राविधिकहरुको लागी लम्पी स्किन डिजीज्को बारेमा संक्षिप्त जानकारी बागमती प्रदेश, भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले तयार पारको छ ।



## रोगको कारण, विशेषता र इपिडेमियोलोजी:

१) यो रोग लम्पी स्किन डिजीज भाइरस (LSDV) नामक (पक्स समूहको) विषाणुबाट लाग्ने गर्दछ , यो विषाणु ५५° C मा २ घण्टा सम्म बाच्छ र pH ६.६-८.६, ५५° C मा ५ दिन सम्म रहन्छ ।

२) यो बातारणमा धेरै लामो समय सम्म रहन सक्छ । छालाको गिर्खामा ३३ दिन भन्दा धेरै रहन्छ । अनुसन्धान मार्फत फोहोर तथा अध्यारो गोठमा धेरै लामो समय सम्म यो रोगको विषाणु भेटिएको पाइएको छ ।

३) यो रोगले विरामी पार्ने प्रतिशत १०-२०% पाइएको छ र यसबाट पशुको मृत्युदर १-५% रहेको छ ।

४) यो रोग खासगरी गाई तथा कहिले काही भैंसीमा पाइन्छ । अनुसन्धाले यो रोग होलेस्टन गाई र क्रस गाईमा बढि हुने बताएको छ ।

५) तर हालसम्म यो रोग पशुबाट मानिसमा सरेको पाइएको छैन । तसर्थ यो रोग जुनोटिक होइन ।



## रोग सर्ने तरिका:

यो रोग खासगरी आर्थ्रोपोड भेक्टरबाट सर्ने गर्दछ । यसमा लामखुट्टे *(Culex mirificens & Aedes natrions* टोक्ने झिङ्गा *(Biomyia fasciate)* र भाले किर्ना (Male Ticks) *(Rephicephalus appendiculatus & Amblyomma hebraeum)* हरुले रोग पशुहरुमा सार्ने गर्दछ । रोगी वा संक्रमित पशुमा प्रयोग भएको सुइ स्वस्थ पशुमा प्रयोग गर्दा रोगी वा संक्रमित पशुहरुको आवातजावतले गर्दा यो रोग सर्दछ ।



## इन्कुबेसन समय:

पशुको शरिर विषाणुसँग सम्पर्कमा आएपछि रोगको लक्षण देखिन ४ दिन देखि १४ दिन सम्म लाग्न सक्छ ।

## रोगका लक्षणहरु:

१) ज्वरो आउने ४१°C भन्दा माथि

२) दुहुनु गाई/भैंसीको दुध ८०% ले घट्न सक्ने

३) कचेरा लाग्ने, सिँगान बग्ने

४) झोक्राउने, दाना पानी नखाने तथा दुब्लाउने

५) सतही लिम्फ ग्रन्थी ठुलो हुने

६) क्युटानियस गिर्खा २.५ से.मी. ब्यास सम्मको हुने खास गरी टाउको, घाँटी, खुट्टा, कल्चौडो, योन अङ्गहरु वरपर र यी गिर्खा गोलो, उठेको, छालाको तन्तु र कहिले काही भित्रको मासु समेतले बनेको हुन्छ ।

७) खुट्टा सुनिने र खुट्टाको गिर्खाले गर्दा पशुहरु हिँडडुल गर्न गाह्रो मान्ने

८) ठुलो गिर्खा नेक्रोटिक पछि फाइब्रोटिक भई धेरै

समय रहने र निको हुदाँ लामो समयसम्म दाग बस्ने

९) मुख भित्र, स्वासनली, फोक्सो तथा अन्य पाचन नलीहरुमा भेसिकल बन्ने, फुटने र अल्सर हुने खालका लक्षण देखिने ।

१०) रोगी पशुलाई अन्य बाक्टेरियाको संक्रमणले निमोनिया र थुनेलो हुन सक्छ ।

११) रोगी साँढे वा राँगो बाँझो हुन सक्छ र ब्याउने पशुको गर्भ तुहिन सक्छ ।



## रोग निदानः

रोग निदानको लागि Virus Isolation पछि PCR नै राम्रो उपाय मानिन्छ । यसको लागी रोगी पशुबाट छालाको गिर्खाको नमुना, र्‍याल वा सिँगान वा रगतको नमुना संकलन गरेर Virus Isolation गरी PCR मार्फत निदान गर्न सकिन्छ ।

## रोकथाम र नियन्त्रणः

१) नेपाल जस्तो विकासोन्मुख राष्ट्रमा लम्पी स्किन डिजीजको नियन्त्रण गर्न कठिन कुरा र धेरै मेहेनत लाग्ने कार्य हो । तर पनि राम्रो सर्वेक्षण तथा निगरानी छिटो छरितो रोग निदान नै यसको प्रमुख उपाय हो ।

२) नेपालमा हालसम्म यस रोग विरुद्धको खोप प्रयोग गरिएको छैन ।

३) रोगको लक्षणहरु देखिएको खण्डमा पशु चिकित्सक हरुसँग तुरुन्त परामर्श लिने

४) यस रोगको रोकथामको लागी रोगी गाई/भैसीहरुको आवातजावत रोक्ने, रोगी पशुहरुलाई अरु पशुहरु भन्दा अगग्गै राखेर उपचार गर्ने ब्यवस्था मिलाउने

५) मृत्यु भएका पशुहरुको उचित ब्यवस्थापन गर्ने

६) रोग सार्ने लामखुट्टे, भाले किर्ना तथा टोक्ने झिङ्गा आदिको नियन्त्रण गर्ने

७) यो रोगका विषाणु इथर २०% क्लोरोफर्म, फर्मालिन १%, फिनेल (२%/१५ मीनेट), सोडियम हाइपोक्लोराट २-३%, आयोडिन (१:३३ घोल), भिरकोन यस २% तथा एमोनियम कम्पाउण्ड ०.५% हरुसंग अति संवेदनसिल हुने हुदाँ यसको प्रयोग गरेर विषाणुलाई निस्क्रिय पार्न सकिन्छ ।

८) पशुहरुको रोग प्रतियोधात्मक क्षमता वृद्धि गर्न भिटामिन र मिनेरल्सहरुको प्रयोग गर्ने

९) सरसफाईमा विशेष ध्यान दिने, गाई गोठलाई उज्यालो बनाउने, घामको किरण भित्र पस्ने खालको हुनुपर्छ, ओसिलो, फोहोर गोठ छ भने बेला बेलामा गोठ सफा गर्ने ।






## सन्दर्भ सामग्रीहरुः


- http://www.fao.org/3/a-i7330e.pdf
- http://www.oie.int/fileadmin/Home/eng/Animal Health in the Word / docs / pdf / Disease cards/LUMOY SKIN DISEASE FIN AI. pdf
- तस्वीरहरु FAO Manual On Lumpy Skin Disese


# गाई वस्तुमा देखिने लम्पी स्किन डिजीज् (Lumpy Skin Disease): एक परिचय








प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

बागमती प्रदेश, हेटौंडा, मकवानपुर

फोनः 057-525945

ईमेलः molmac@bagamati.gov.np,

वेबसाइटः molmac.bagamati.gov.np



आ.व. २०७७/०७८